Embassy of Nepal, Abu Dhabi
سفارة نيبال. أبوظبي

Ref. الاشارة

# प्रेस विज्ञप्ति

गणतन्त्र दिवस २०८१ का अवसरमा नेपाली राजदूतावास अबुधाबीमा आज एक विशेष कार्यक्रमको आयोजना गरियो। राष्ट्रियगान तथा ज्ञात अज्ञात शहीदहरुको सम्मानमा मौन धारण गरी शुरु भएको उक्त कार्यक्रममा महामहिम राजदूत, राजदूतावासका कूटनीतिक कर्मचारीहरु र युएईमा रहनु भएका विभिन्न नेपाली संघ संस्थाहरुका प्रतिनिधिहरु, विभिन्न पेशा र व्यावसायसँग सम्बन्धित व्यक्तिहरु लगायत करिब १०० जना नेपालीहरुको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रमलाई संबोधन गर्दै युएईका लागि नेपाली राजदूत महामहिम श्री तेजबहादुर क्षेत्रीले गणतन्त्र दिवसको अवसरमा युएई लगायत देश विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरुमा हार्दिक शुभकामना व्यक्त गर्नु भयो । संबोधनका क्रममा उहाँले ठूलो बलिदान पछि प्राप्त भएको गणतन्त्रको संस्थागत विकास गर्दै मुलुकमा दिगो शान्ति, विकास, समृद्धि तथा सुशासन कायम गर्नु हामी सबैको दायित्व रहेको कुरा उल्लेख गर्नु भयो । महामहिम राजदूतले विदेशमा रहेका सम्पूर्ण नेपालीहरुलाई आ-आफ्नो क्षेत्रबाट नेपालको समुन्नत भविष्यका लागि एकजुट भई अघि बढ्न समेत आह्वान गर्नु भयो।

उक्त अवसरमा यूएईमा क्रियाशील विभिन्न राजनीतिक दलसँग आवद्ध संघसंगठन तथा NRNA NCC UAE लगायत विभिन्न संघसंस्थाका प्रतिनिधिरुहरुले शुभकामना व्यक्त गर्दै नेपाल र नेपालीको समृद्धिका लागि आ-आफ्ना क्षेत्रबाट योगदान गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

राजदूतावासका उप-नियोग प्रमुख विशाल भट्टराईले संचालन गर्नु भएको उक्त कार्यक्रममा श्रम काउन्सेलर दीनबन्धु सुवेदीले स्वागत मन्तव्य राख्नु भएको थियो । उक्त कार्यक्रममा नेपालमा गणतन्त्र स्थापना सम्बन्धी छोटो Video Clip पनि प्रस्तुत गरिएको थियो।

राजदूतावासले आजै विहान झण्डोत्तलन कार्यक्रमको आयोजना गरेको थियो भने गणतन्त्रका अवसरमा तीनदिनसम्म साँझ दिपावली गरी मनाउने कार्यक्रम तय गरेको छ।

नेपाली राजदूतावास, अबुधाबी ।
जेठ १५, २०८१

P. O. Box : 38282 - Abu Dhabi - United Arab Emirates - Tel. : 02-6344767 / 6344385 - Fax : 02-6344469
E-mail : eonabudhabi@mofa.gov.np, Website: www.ae.nepalembassy.gov.np